परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १० ❑ अंक १२ २०७८ कार्तिक ७ गते आईतवार Sunday 24, OCT 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

क्राईम अपरेशन साप्ताहिक पत्रिको इ-पेपर www.crimeoperation.com.np मा लगइन गरी हेर्न सम्पूर्ण महानुभाव हरुमा हार्दिक अनुरोध गरिन्छ । सम्पादक

## पासवानकी श्रीमान् र मलहाको श्रीमति वेपत्तापछि दुवै विचल्लीमा

बिराटनगर । बिराटनगर महानगर पालिका वडा नं. ८ विराट बृद्ध आश्रम छेउमा ऐलानी जग्गामा घरबनाई बस्ने उषा भूजेल पासवनकी श्रीमान् शिवहरी पासवान र कटहरी गाउँपालिका वडा नं. २ आर्दश टोल बस्ने उमेश कुमार मलहाको श्रीमति गिता देवी मलहा संगै भागेपछि दुवै फेला नपरेपछि भदौ १४ गते जिल्ला प्रहरी कार्यालय मोरगमा श्रीमानलाई खोजतलास गरी दिन भदौ १७ गते दर्ता नं. ६८ भएको उजुरी दर्ता गराएको थियो ।

उजुरी दर्ता गराएको डेढ महिना वित्ति सक्दा पनि प्रहरीले खोजतला गर्न आलटाल गरेको भन्दै भुजेल



उषा भुजेल पासवान उमेश कुमार मलहा

विचल्लीमा परेका छन् ।

भुजेल पासवानले श्रीमान् भदौ १४ गते देखि वेपत्ता भएको सोही दिन देखि खोजतलास गर्दा समेत पासवान र मलहा दुवैले गुनासो पोखेका छन् ।

शिवहरी पासववानले ९ वर्षको

वांकी अन्तिम पेजमा...

## बैंक लुटपाट घटनामा संलग्न ६ मध्ये ४ पक्राउ



श्याम मुखिया





सुनिल यादव



विजय सहनी



रोशन यादव

विराटनगर । धनपालथान गाउँपालिका वडा नं. ४ कर्सिया बजारमा रहेको सिटिजन्स बैकको शाखा कार्यालयमा भएको लुटपाट घटनामा प्रहरीको अनुसन्धानले ६ जना संलग्न देखिएकोमा अहिले सम्म ४ जनालाई मात्र प्रहरीले पक्राउ गर्न सफल भएको छ ।

बैक लुटपाट घटना भएको करीब एक हप्ता पछि प्रहरीले भारत अररिया फारवेसगञ्ज १० का २० बर्षीय रोशन यादवलाई सुनवर्षी नगरपालिका वडा नं. ८ बाट सोमबार नियन्त्रणमा लिएर प्रहरीले मंगलबार सार्वजनिक गरिएको थियो ।

बैक लुटपाटमा संलग्न अन्य तीनलाई बैकलुटपाट भएको असोज २५ गते नै विराटनगर महानगरपालिका वडा नं. ८ को ३२ बर्षीय श्याम मुखिया, भारत अररिया सेखपुरा ५ को २८ बर्षीय सुनिल यादव र भारत अररिया गोराहा ४ को ३० बर्षीय विजय सहनीलाई बैंक लुटेर भाग्दै गर्दा धनपालथान वडा नं. २ खैरबनाका जनताहरुले पक्राउ गरी सोही स्थानमा रहेको प्रहरी चौकीमा बुझाएका थिए ।

पक्राउ परेका अभियूक्त श्याम मुखियाको डेरा कोठामा खानतलासी गर्दा एक थान ९ एमएमको पेस्तोल, सो पेस्तोलको एक थान म्यागिजन र आधा केजी गाँजा बरामद गरिएको प्रहरी प्रवक्ता डिएसपी दिपक श्रेष्ठले बताएका थिए ।

गत असोज २५ गते पौने ४ वजेतिर कर्सिया बजारको विपि चोकमा रहेको सिटिजन्स बैंकमा नगद लुटपाटमा संलग्न ३ जनालाई सोही प्रहरीले पक्राउ गरेको थियो । बैंक लुटपाटमा संलग्न ४ जनाको समूहले असोज २२ गते विराटनगरको एक गार्मेन्टमा पनि लुटपाट गरेको खुलेको छ । कोटेक्स ट्रेडिङ सप्लायर्सका संचालकलाई हातहतियार देखाई नगद १२ हजार लुटेको अनुसन्धानका क्रममा खुलेको डिएसपी श्रेष्ठले बताए ।

डिएसपी श्रेष्ठका अनुसार बैंक लुटेर को २५ प ३८९९ नम्वरको मोटरसाईलमा भाग्ने क्रममा तीनै जनालाई धनपालथान २ खयरवनाबाट हतियार सहित जनताहरुले नियन्त्रणमा लिई प्रहरीलाई बुझाएको थियो ।

लुटपाटमा संलग्न सुनिल यादवले प्रयोग गरेको (१ राउण्ड लोडेड गोली सहित) १ थान कटुवा पेस्तोल, घटनास्थलमा पेस्तोलको नपड्किए को राउण्ड १ थान, खोका १ थान, घाइते गार्ड शितल कुमालको शरिरबाटवाट निकालिएको गोली १ थान रहेको छ । बैंकले २१ लाख भन्दा बढी रकम लुटिएको जानकारी गराएको थियो ।

## बेमौसमी झरीले भएको क्षति

विराटनगर । बेमौसमी झरीको कारण १ नम्बर प्रदेशमा गएको तिन दिन यता बाढी पहिरोबाट ६२ जनाको मृत्यु, २० जना घाईते र १३ जना बेपता भएका छन् भने सयौ घर डुवानमा परेका छन् ।

प्रदेश १ मा सबै भन्दा बढी पाँचथर जिल्लामा मानविय क्षति भएको छ । पाँचथर जिल्लामा मात्र २८ जनाको मृत्यु भएको छ भने १० जना घाईते र ६ जना बेपत्ता भएका छन् ।

पाँचथरको कुम्मायक गाउँ पालिका, मिक्लाजुङ गाउँपालिका, फिदिम नगरपालिका र फाल्गुनन्द गाउँपालिकामा पहिरोले घर पुरिदा २८ जनाको मृत्यु, १० जना घाईते र ६ जना बेपत्ता भएका हुन् ।

त्यसैगरी ईलाम जिल्लाको फाकफोकथुम गाउँपालिका, सुर्योदय नगरपालिका, देउमाई नगरपालिका, माई नगरपालिका र माङसेबुङ गाउँपालिकामा बाढी पहिरोको कारण १४ जनाको मृत्यु भएको छ भने ५ जना घाईते तथा १ जना बेपत्ता भएका छन् ।

धनकुटाको चौबिसे गाउँ पालिकामा बाढी पहिरोकै कारण ७ जनाको मृत्यु भएको छ भने ५ जना घाईते भएका छन् ।

सुनसरीको धरान उपमहा नगरपालिका र भोक्राहा नरसिंह गाउँपालिकामा बाढी पहिरोको कारण

वांकी अन्तिम पेजमा...

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ ३
दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोक्त प्रगत
लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

विराटनगर महानगरपालिका मोरंगको अनुरोध

१. चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित । पोषणयुक्त आहार खाऔ । २. चाडवाडको समयमा आफ्नो घरछाडेर टाँढासम्म नजाऔ, जानैपरेमा झ्याल, ढोका, गृल बन्द गरेर जाऔं र छिमेकीलाई समेत जानकारी गराऔं । ३. महिला हिंसा विरुद्ध शून्य सहष्णुता कायम गरौं । ४. प्लाष्टिकजन्य पदार्थ लगायत फोहर सामग्रीहरु नबालौ । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्यान्सर जस्तो भयावह रोग लाग्न सक्छ । ५. आफ्नो घरबाट निस्किने फोहोरलाई कुहिने । नकुहिने गरी २ भागमा छुट्याऔं कुहिने फोहोरलाई आफैले कम्पोष्ट बनाई प्रयोग गरौं वा नगरपालिकाको फोहोर संकलन वाहनमा मात्र फाल्ने वानी बसालौ । ६. नकुहिने फोहर पुन: चक्रिय केन्द्रमा पुऱ्याउने व्यवस्था गरौं । ७. बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनु पर्नेछ । ८. सबैले चर्पिको प्रयोग गरौं । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीका व्यवस्था गरी दिसा-पिसाबजन्य संक्रमणलाई रोकौं । ९. चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बानी बसालौं ।

| उमेश बस्नेत | इन्द्रा कार्की | भीम पराजुली |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उप मेयर | मेयर |

हार्दिक मंगलमय
शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

क्राईम अपरेशन साप्ताहिक
परिवार विराटनगर

SUKRATARA FURNITURE UDYOG
9842033365
9805391277
BIRATNAGAR
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## पासवानकी...

छोरा र गिता मलाहले २ वटा नानीहरु लिएरसंगै भागेको र दवै जना एउटै ओछ्यानमा बसेको फोटो र नानीहरुको फोटो समेत मेसेन्जर मार्फत पठाई रहेको सो देखाउँदा पनि प्रहरीले खोजतला गर्न नसकेको गुनासो गर्दै दुवैलाई पक्राउ गरी बहुविवाहमा मुद्दा चलाई कारवाही समेत गरी दिन दुबैले आग्रह समेत गरेका छन् ।

भुजेल पासवानले ११ वर्ष पहिले महेन्द माध्यमिक विद्यालयमा पढ्दा खेरी शिवहरी पासवानसंग प्रेम विवाह गरेका थिए । विवाह पश्चात श्रीमान्लाई विएड सम्मको अध्यय समेत गराएका थिए । शिवहरी पासवानले कटहरी चौकमा तराई फर्निचर खोलिएको थियो ।

कटहरी चौकमै उमेश कुमार मलहाले अंश फर्निचर शो रुम संचालन गरेका थिए । साही सो रुममा श्रीमति गिता देवी मलहा र शिव हरी पासवनको सम्बन्ध गासिएको हुन सक्ने भूजेल पासवानको भनाई थियो । भूजेल पासवान अहिले ९ महिनाको गर्भवत्ती रहेकी छिन् ।

उमेश कुमार मलहाले भने जातीय परम्पार अनुसार नै विवाह गरेको थिए । दुई सन्तान समेत रहेका छन् । सन्तान समेत लिएर वेपत्ता भएपछि पत्नी र सन्तान समेतलाई खोजतला समेत गरी दिन प्रहरीमा उजुरी दिएको तर कुनै कारवाही नभएको उमेशले गुनासो गरेको छ ।

शिवहरी पासवानले जीवन विकास लघुवित्त लगायतका संस्था र व्यक्तिहरु संघ ७/८ लाखको ऋण लिएर वेपत्ता भएपछि भुजेल पासवान झन अप्ठ्यारोमा परेको त्यसमा पनि ९ महिनाका गर्भवत्ती भएकोले जीवन आपनमा समेत कठिनाई भई रहेको छ ।

## बेमौसमी...

८ जनाको मृत्यु भएको छ भने ३ जना बेपत्ता भएका छन् ।

मोरङको बिराटनगर महानगरपालिका वडा नं. १२ मा १ जनाको मृत्यु भएको छ । भोजपुरको राम प्रसास राई गाउँपालिका वडा नं. ६ मा खोलाले बगाएर १ जनाको मृत्यु भएको तथा उदयपुरको त्रियुगा नगरपालिका र उदयपुर गढी गाऊपालिकामा बाढीका कारण १/१ जनाको मृत्यु भएको छ ।

बेमौसमी झरीका कारण सयौ घर डुबानमा परेका छन् भने ४ हजार भन्दा बढी मानिसहरु बिस्थापित भएका छन् । डुवान भएको क्षेत्रमा सुरक्षाकर्मी परिचालन भई बिस्थापित भएका मानिसहरुलाई सुरक्षित स्थान तर्फ स्थानान्तरण गर्ने कार्य भईरहेको छ ।

हाल सम्म १ नम्बर प्रदेश भरी ५ हजार ९५ जना प्रहरी जनशक्ती उद्धार कार्यमा परिचालन गरिएको थियो ।




# हावाहुरी र वर्षाले धानबालीमा ठूला क्षति



विराटनगर, । प्रदेश १ मा हावाहुरी र अविरल वर्षाले पाक्नै लागेको धान बालीमा ठुलो क्षति भएको छ ।

भूमी, व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश १ का प्रवक्ता राजेन्द्र उप्रेतीका अनुसार हावाहुरीले पाक्न लागेको धान ढालेको र त्यसमाथि अविरल पानी परेर डुबानमा परेकाले धान बालीमा धैरै नै क्षतिको अनुमान गरिएको छ ।

फूल खेल्दै गरेको धान हावाले लडाउँदा सबैभन्दा बढी क्षति पुगेको छ । त्यस्तो धानको नलमा फल लाग्ने सम्भावना न्यून हुन्छ । उप्रेतीका अनुसार क्षतिको वास्तविक विवरण आइसकेको छैन । प्रदेश १ को अन्नको भण्डारले चिनिएका मोरङ, सुनसरी र झापाको अधिकांश धान हावाहुरीले ढलाउँदा पानीमा डुबेको छ । फूल खेल्दै गरेको धान लडेर पानीमा डुब्दा दाना लाग्ने सम्भावना हुँदैन । उहाँका अनुसार प्रदेश १ मा धान कटानी सुरु भएको छैन । नकाटिएको धान हावाहुरीले लडाएर एक फिटसम्म पानीले डुबाएको छ ।

मोरङमा यसपालि ८३ हजार ३ सय हेक्टर, सुनसरीमा ५५ हजार र झापामा ८७ हजार ५ सय हेक्टरमा धान रोपाइँ भएको प्रदेश कृषि निर्देशनालय प्रमुख प्रकाश डाँगीले बताउनुभयो ।

प्रदेश १ मा यसपालि ३ लाख ४० हजार ८ सय २९ हेक्टर क्षेत्रफलमा धान खेती भएको छ । त्यसबाट करिब १४ लाख टन धान उत्पादन हुने निर्देशनालयको आकलन थियो । प्रदेश १ को ताप्लेजुङमा ८ हजार ७ सय ३७, संखुवासभामा १३ हजार ८ सय ५१, सोलुखुम्बुमा १ हजार ५ सय २५, पाँचथरमा ९ हजार २ सय, इलाममा १४ हजार ८ सय १५, भोजपुरमा १८ हजार, तेह्रथुममा १० हजार १ सय ७५, धनकुटामा ७ हजार ९ सय ५०, उदयपुरमा १३ हजार ३ सय, ओखलढुङ्गामा ४ हजार ४ सय र खोटाङमा १२ हजार ८ सय ९३ हेक्टरमा बर्खे धान रोपाइँ भएको निर्देशनालयको तथ्याङ्क छ ।

१२

लिंग पहिचान गरी भ्रुण हत्या गर्नु अपराध हो ।

त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।

छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- जहाँ छौ त्यही स्वास्थ्य सुरक्षाका सबै मापदण्ड पालना गरेर चाडपर्व मनाऔ ।
- जेष्ठ नागरिक, दिर्घ रोगी, बालवालिका, गर्भवत्ती प्रति विशेष ध्यान दिऔ ।
- तिहारको टिका लगाउँदा घर बाहिर खुल्ला ठाउँमा लगाउऔं । दुरी कायम गरौं । भिडभाड नगरौ । एकै ठाउँमा धेरै वेर नबसौ । घरमा मात्र खान कुरा खाऔं ।
- जेष्ठ नागरिक संग भरसक इन्टर नेट र टेलिफोन माध्यम द्वारा आशिर्वाद लिऔ ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| | | |
|---|---|---|
| सुर्य प्रसाद सुवेदी<br>प्रमुख प्रशासकीय अधिकृत | लक्ष्मी गौतम<br>उप-प्रमुख | द्धारिकालाल चौधरी<br>प्रमुख |

इटहरी नगरपालिका, सुनसरी, प्रदेश नं. १ नेपाल

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| | | |
|---|---|---|
| विनोद कुमार न्यौपाने<br>प्रमुख प्रशासकीय अधिकृत | सुनिता दाहाल साह<br>उप-प्रमुख | वेदनारायण गचछदार<br>प्रमुख |

दुहवी नगरपालिका, सुनसरी, प्रदेश नं. १ नेपाल

अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, painless प्रसुती सेवा, Emergency सेवा नया एंव अध्याधिक भरपर्दो (ICU/MICU,NICU) तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### क्षति व्यहोरेको परिवारलाई राहत देउ

बेमौसमी हावाहुरी र वर्षाका कारण नेपाल भरी सयौंले ज्यान गुमाएको छ भने हजारौ घरवार विहीन भएको छ। त्यसैगरी लाखौ हेक्टर जमीनमा लगाएवको धानवाली काट्ने वेला सखाप भएको छ। प्रदेश नं. १ मा मात्रै बाढी पहिरोबाट ६२ जनाको मृत्यु, २० जना घाईते र १३ जना बेपता भएका छन् भने सयौ घर डुवानमा परेका छन्। ती परिवारका सदस्यहरुले अहिले सम्म राहत पाएका छैनन। नेपाल सरकारले सर्व प्रथम वाढी वहिरोवाट मृतक परिवारको सदस्यहरुलाई नगद सहित परिवारको र ोजगारीको सुनिश्चित हुने गरी राहतको घोषणा गर्नु पर्छ। सत्ता लिप्सामा लागेका राजनीतिक दलका नेताहरु र सरकार समालेका मिलिजुली सर कारले सत्ता लिप्सा छोडेर पिडित परिवारको लागि राहत पुर्‍याउन सक्नु पर्छ। सरकार भनेको यस्तै वेला सहयोग गर्ने हो। अन्य समयमा त आफै आमजनताले कमाए खाएकै हो त्यसैले देशमा सरकार भएका महसुश गराउने वेला अहिले नै हो।

बेमौसमी झरीका कारण सयौ घर डुबानमा परेका छन् भने ४ हजार भन्दा बढी मानिसहरु बिस्थापित भएका छन्। डुवान भएको क्षेत्रमा सुर क्षाकर्मी परिचालन भई बिस्थापित भएका मानिसहरुलाई सुरक्षित स्थान तर्फ स्थानान्तरण गर्ने गरेका गरेका थिए तर राहत को नाममा चुरा र भूजा वाहेक केही पुगेको छैन। त्यसैगरी प्रदेश १ मा हावाहुरी र अविरल वर्षाले पाक्नै लागेको धान बालीमा ठुलो क्षति भएको छ। हावाहुरीले पाक्न लागेको धान ढालेको र त्यसमाथि अविरल पानी परेर डुबानमा परेकाले धान बालीमा धेरै नै क्षति पुगेको छ। प्रदेश १ मा यसपालि ३ लाख ४० हजार ८ सय २९ हेक्टर क्षेत्रफलमा धान खेती भएको छ। त्यसबाट करिब १४ लाख टन धान उत्पादन हुने आकलन गरिएको थियो। प्रदेश १ को ताप्लेजुङमा ८ हजार ७ सय ३७, संखुवासभामा १३ हजार ८ सय ५१, सोलुखुम्बुमा १ हजार ५ सय २५, पाँचथरमा ९ हजार २ सय, इलाममा १४ हजार ८ सय १५, भोजपुरमा १८ हजार, तेह्रथुममा १० हजार १ सय ७५, धनकुटामा ७ हजार ९ सय ५०, उदयपुरमा १३ हजार ३ सय, ओखलढुङ्गामा ४ हजार ४ सय र खोटाङमा १२ हजार ८ सय ९३ हेक्टर मा बर्खे धान रोपाइँ भएको थियो। ती सवै सखाप भएको कारण धान खेती गर्ने किसानलाई अविलम्क राहतको घोषना गर्नु पर्छ।

नेपाल सरकारले अहिले सत्ताको खेलमा नलागेर आम नेपाली जननताले वेमौसमी हावाहुरी र वर्षाका कारण क्षति व्यहोरेको परिवारलाई तत्काल केही राहत पुर्‍याई त्यसपछि क्षतिको तथ्यांक संकलन गरी सोही अनुसार मृतक परिवार, घरवार विहीन परिवार र धानबाली क्षति भएको परिवार लाई राहतको पेकेज घोषणा गरी देशमा सरकार छ भनी अभास दिलाउन आम नेपाली जनताको घरमा पुग्न जरुरी छ। अन्यथा जनताको विश्वास सरकारमाथिवाट हट्ने सुनिश्चित छ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन** (**क, कि, कु, घ, ङ, छ, के, को, ह**) : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट** (**हि, हु, हे, हो, डा, डि, डु, डे, डो**) : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह** (**मा, मि, मु, मे, मो, टा, टि, टु, टे**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या** (**टो, प, पी, पू, ष, ण, ठ, पे, पो**) : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला** (**रा, री, रु, रे, रो, ता, ती, तु, ते**) :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक** (**तो, ना, नि, नू, ने, नो, या, यि, यू**) : **बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु** (**यो, भा, भी, भू, ध, फा, ढ, भे**) : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर** (**भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी**) : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन** (**दी, दु, थ, झ, ञ, दे, दो, च, ची**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# सडक दुर्घटनाका चार कारण : ड्राईभरदेखि सरकारसम्म

लक्ष्मण पन्त

केही वर्षदेखि सडक दुर्घटनाले मुलुकमा महामारीको रुप लिएको छ। सम्भवत: नेपाल संसारकै सर्वाधिक सडक दुर्घटना हुने मुलुकहरुमा पहिलो नम्बरमा पर्दछ। सडक दुर्घटनाको चर्चा गर्दा मोटरसाइकल कार, ट्रक, टिप्पर आदि यातायात र ढुवानीका साधनहरुबाट दुर्घटनामा परी ज्यान गुमाउनेहरुको संख्या पनि ठुलै छ। तर, ती सबैमा पनि मुख्यरुपमा सार्वजनिक यातायातको क्षेत्रमा बस र जीपहरूबाट हुने सवारी दुर्घटनाको अवस्था मुलुकमा अत्यन्तै भयावह देखिएको छ।

यो साता मात्रै कास्की र मुगुमा भएका सडक दुर्घटनामा ज्यान गुमाउनेहरुको संख्या ४२ नाघेको छ भने त्यसलगत्तै नुवाकोट र नवलपरासीमा भएका बस दुर्घटनामा कैयौं दर्जन यात्रुहरु घाइते भएका छन्, जसमध्ये कैयौं यात्रुहरूको अवस्था चिन्ताजनक छ। यो लेख टाइप गर्दै गर्दा गुल्मीमा एउटा जीप खोलाले बगाएको छ। उमंग र उत्साहको पर्व दसैंमा यसरी अकाल मृत्युवरण गर्नेहरूप्रति गहिरो श्रद्धाञ्जली तथा घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना।

वर्षेनि हुने यस्ता दुर्घटनामा हजारौं बेकसुर यात्रुहरूको ज्यान जाने गरेको छ। तर, सरकार र सरोकारवालाहरु यसबारेमा बेखबरजस्तै देखिन्छन्। हरेकजसो सडक दुर्घटनापछि यातायात व्यवस्था विभागले ट्राफिक प्रहरीलाई दोष दिन्छ भने उता यातायात व्यवसायीहरुले सडक खराब भयो भन्दै सडक विभागमाथि दोष थोपर्छन्। यो क्रम दुर्घटनैपिच्छे निरन्तर चलिरहन्छ।

हरेक दुर्घटनापछि छानविन समिति बन्ने गर्छ। छानविन समितिले आफ्नो रिपोर्ट पनि सार्वजनिक गर्छ। सम्बन्धित सरोकारवाला निकायलाई दुर्घटना नियन्त्रण वा न्यूनीकरणका लागि सुझावहरु पनि दिन्छ। तर, ती सुझावहरु दराजमा थन्किन्छन्। दशकौं भयो यो सिलसिला शुरु भएको। न त यो चक्र रोकिएको छ, न त दुर्घटनाहरुनै रोकिएका छन्।

यसरी हुने दुर्घटनाहरुका पछाडिका वास्तविक कारणहरु के हो, त्यसलाई खोतल्ने र स्थायी एवं दीर्घकालीन समाधान गर्नेतिर सम्बन्धित पक्षको ध्यान गएको देखिन्न। सरकार र उसका सम्बन्धित मन्त्रीलाई जेनतेन आफ्नो कार्यकाल कसरी एक दुई वर्ष टिकाउने भन्ने चिन्ता छ भने सम्बन्धित मन्त्रालयका सचिव र विभागका डीजीलाई कहीँ आफ्नो सरुवा कम मालदार अड्डातिर हुने हो कि भन्ने पिरलो छ।

उता, सवारी धनीलाई कसरी नाफा कमाउने भन्ने ध्याउन्न छ भने चालक र सहचालकलाई एउटा ट्रिपमा कसरी धेरै पैसा हात पार्ने रुमलो छ। यो लापरवाहीको चर्को मूल्य सर्वसाधारणले ज्यान गुमाएर चुकाउनुपरेको छ। हरेक वर्ष दुर्घटनाको क्रम बढ्दो छ।

यो छोटो लेख सार्वजनिक सवारी दुर्घटना रोकथाम अथवा न्यूनीकरणको मुख्य उपाय के हुन सक्छ भन्नेमा केन्द्रित छ। यद्यपि मुलुकको हरेक समस्याको समाधान निजीकरणमा खोज्नेहरूका लागि यो सुझाव वा उपाय अपाच्य हुन सक्छ वा अव्यवहारिक लाग्न सक्छ।

अक्सफोर्डबाट सडक दुर्घटना रोकथाम विषयमा पीएचडी नगरेकाले पनि यो कुरा ठोकेर भन्न सक्छ कि हाम्रो मुलुकमा बढ्दो सार्वजनिक सवारी दुर्घटनाका पछाडि मुख्यरुपमा चारवटा कारणहरु जिम्मेवार छन्।

पहिलो- अनुभवहीन चालक वा चालकको लापरवाही। दोस्रो- तीव्र गति। तेस्रो- ओभर लोडिङ। र, चौथो-थोत्रा सवारी साधन। यी चारमध्ये कहिले कुन र कहिले कुन कारण मुख्य बनेको होला वा चारैवटा कारण जुटेर दुर्घटना भएको होला। तर, केही समययताका स्मरणमा रहेका मुख्य-मुख्य सडक दुर्घटनाहरुका पछाडिका कारणहरूबारे पडताल गर्दा यी चारवटा स्थायी कारणहरु हुन् भन्नेमा शायद कसैको पनि दुईमत नहोला।

हुन त यातायात व्यवसायीहरु र बस चालकहरूले प्राय: दुर्घटनाका पछाडि खराब सडकलाई दोष दिने गरेको पाइन्छ। यो कुतर्क मात्र हो किनकि निर्जीव सडकले सवारी हाँक्ने होइन, सजीव चालकले सडकमा सवारी हाँक्ने हो। यदि सडकमा खाल्टो छ भने चालकले १० मिटर परैबाट देख्न सक्नुपर्दछ। भिरालो कच्ची बाटो भए त्यहाँ गुडाउनुपूर्व चालक ले चार पटक पहिले नै ब्रेक चेक गर्नु पर्दछ।

उकालो घुम्ती भए गाडीले तान्न सक्ने, नसक्ने चालकले नै यकिन गर्ने हो। शंका हुनासाथ यात्रुहरुलाई ओरालेर पैदल हिँड्न लगाउने हो। टायर पञ्चर हुने वा पड्किने सम्भावना भए नयाँ टायर पनि चालकले नै फेर्ने हो। चालकको लापरवाहीले दुर्घटना हुने, अनि सडकलाई दोष दिएर पन्छिने कुरा स्वीकार्य हुनुहुँदैन। सडक उत्कृष्ट भए पनि चालकको लापरवाहीले गर्दा धेरै दुर्घटनाहरु हुन्छन् भन्ने कुराको प्रमाण कोटेश्वर-भक्तपुरको ६ लेन सडक हो।

दुर्घटनाको रोकथाम वा न्यूनीकरणका लागि कडा कानुनहरु ल्याउनुपर्ने, यातायात व्यवस्था विभागमा दक्ष जनशक्तिको दरबन्दी बढाउनुपर्ने, यातायात प्रहरीहरुको दरबन्दी बढाउने उनीहरुलाई थप जवाफदेही बनाउने, पुराना सवारी साधनहरुको विस्थापन, चालकहरुलाई तालिम आदि अनेक सुझावहरु दिएको पाइन्छ। यी कुराहरु आफ्नो ठाउँमा सही नै छन्। यी सुझावहरु महत्वपूर्ण त छन्। तर, यसबाट मात्र दुर्घटना रोकथाम वा न्यूनीकरण सम्भव छैन।

माथि उल्लेख गरिएका दुर्घटनाका चार मुख्य कारणहरूको स्रोत राज्यको सार्वजनिक यातायात नीतिमा अन्तरनिहीत छ जसअन्तर्गत दशकौंदेखि मुलुकको सार्वजनिक यातायात क्षेत्रलाई मुनाफा आर्जन गर्नका लागि निजी क्षेत्रलाई बेलगाम सुम्पिएको छ। राज्यचाहिँ यातायात व्यवसायीहरुको सिण्डिकेटसामु मूकदर्शक भएर बसेको छ। जबकि सार्वजनिक यातायात राज्यको मुख्य दायित्वभित्र पर्दछ।

सरकारको दायित्व

नेपालजस्तो विकट पहाडी भुगोल भएको मुलुक जहाँ तीव्र आन्तरिक र बाह्य प्रवासनका कारण जनसंख्याको चलायमानता विश्वमै उच्चतम रहेको छ, त्यहाँ राज्यको सार्वजनिक यातायात सेक्टरमा अझ विशेष चासो हुनुपर्ने देखिन्छ। अमेरिका, युरोपमात्र होइन, भारतजस्तो मुलुकमा समेत सार्वजनिक यातायात या त राज्यले सोझै सञ्चालनमा ल्याएको छ वा राज्य नियन्त्रित कम्पनीहरुले सार्वजनिक यातायातको सञ्चालन गर्ने गरेका जसमा राज्यको समेत ठूलो लगानी रहेको हुन्छ।

तर, हाम्रो मुलुकमा भने सरकारले यातायात सेक्टरमा लगानी गरी सार्वजनिक यातायातलाई राज्यको मातहत ल्याएर जनतालाई सस्तो र सुरक्षित यातायात उपलब्ध गराउने कुरा त परै छ, सार्वजनिक यातायात क्षेत्रलाई निजी क्षेत्रको जिम्मामा दिएर त्यहाँबाट सरकारले उल्टो कर असुल गरेर खाएको अवस्था छ।

यो अवस्था रहुञ्जेल दुर्घटना रोकथाम वा न्युनीकरणका सबै उपायहरु निरर्थक हुन्छन्। यसको एकमात्र समाधान हो : सार्वजनिक यातायातलाई निजी क्षेत्रबाट राजकीय क्षेत्रमा हस्तान्तरण तथा व्यापार र मुनाफाको क्षेत्रबाट सेवा क्षेत्रमा रुपान्तरण।

सरकार सामु दुई विकल्प छन् : पहिलो, पूर्णरुपमा राज्यको स्वामित्व रहेको सार्वजनिक यातायात संस्थानमा खडा गरी सम्भव भएसम्म नाफा घाटा बराबरी नो प्राफिट नो लसका आधारमा जनतालाई सार्वजनिक यातायात उपलब्ध गराउने। दोस्रो, त्यसरी खडा गरिने सार्वजनिक यातायात संस्थानमा निजी क्षेत्रलाई समेत साझेदार बनाएर न्यूनतम आवश्यक उपयुक्त मुनाफाका आधारमा (बैंकले दिने प्रतिफलको हाराहारीमा) सार्वजनिक यातायात सञ्चालन गर्ने।

यसरी मात्र दुर्घटनाका कारणहरूको उन्मूलन गर्न सकिन्छ। यसो गरेर मात्र गुणस्तरीय सवारी साधनहरु र अनुभवी चालकहरूको सेवा यात्रुहरुले प्राप्त गर्न सम्भव हुन्छ जसबाट दुर्घटना रोक्न सकिन्छ। सिटभन्दा बढी यात्रु राख्ने र तीव्र गतिमा सवारी हाँक्ने समस्याको पनि यसरी नै समाधान गर्न सकिन्छ।

दलका नेताहरुले यातायात व्यवसायीबाट चुनावी कोष जम्मा गर्ने, यातायात व्यवसायीहरुले थोत्रा बस, अनुभवहीन चालक र क्षमताभन्दा बढी यात्रु कोचेर र चर्को भाडा असुल गरेर मुनाफा कमाउने व्यवस्था दुष्चक्र जारी रहेसम्म यस्ता दुर्घटनाहरु भइ नै रहनेछन्। अनलाईन खबरबाट।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२0000
इटहरी बारुणयन्त्र ५८0१0१
धरान बारुणयन्त्र ५२0१९९
इनरुवा बारुणयन्त्र ५६0१0१
दमक बारुणयन्त्र 0२३-५८0१0१
भद्रपुर बारुणयन्त्र 0२३-५२0१0१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८00४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८00४८
आँखा अस्पताल ५२३७0६
सुरक्षा अस्पताल प्रा.लि.
0२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८0२७५३७१७,
९८0२७५३७0६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
0२१-४३५00१
जिल्ला प्रहरी कार्यालय
५३0३५८, ५२३९0१,१00
नगर प्र.का.. बिराटनगर
५२१८५0, ५३0३६७, ११0,
इ.प्र.का. रंगेली
८0१00८0१३0
इ.प्र.का. उर्लाबारी
0२१-५४000२
सिमा प्रहरी चौकी
0२१-४३५८४0

# प्रदेश १ को १४ वटै प्रहरी कार्यालयको सहकार्यमा ९ करोड भन्दा बढी राजश्व संकलन

विराटनगर । प्रदेश नं. १ को संगठन प्रमुख प्रहरी महानिरीक्षक र प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक तथा प्रदेश प्रहरी प्रमुख र प्रदेशका १४ वटै जिल्लाका प्रहरी प्रमुखहरु बिचको प्रभावकारी कार्यसम्पादन हुँदा कुल ९ करोड ७२ लाख ५३ हजार ६२ राजश्व संकलन गरेको छ ।

त्यसैगरी आर्थिक बर्ष २०७८/०७९ को पहिलो त्रैमासिकमा १ हजार ८ सय ९ मुद्धा दर्ता र संगठन प्रमुखको निर्देशनलाई पालना गर्ने र गराउने तर्फ विशेष ध्यान दिई समाजमा हुने अपराधीक घटना, फैसला कार्यान्वयन, भन्सार चोरी निकासी, नदिजन्य पदार्थ अवैध दोहन, अवैध काठ चोरी निकाशी र ट्राफिक ब्यवस्थापनमा प्रभावकारी रुपमा प्रहरी परिचालन भए अनुसार उल्लेख्य मात्रामा सफलता हासिल गरेको छ ।

आर्थिक वर्षको श्रावन, भदौ र असोज गरी ३ महिनामा मात्र १ हजार ८ सय ९ वटा बिभिन्न अपराध सम्बन्धी मुद्दा दर्ता भई कारवाही गरिसकिएको छ भने फैसला कार्यान्वयन तर्फ बिभिन्न अपराधमा सजाय तथा जरिवाना फैसला भई फरार रहदै आएका ८४५ जना फरार प्रतिवादी पक्राउ गरी ३८५ वर्ष कैद भुक्तान भई,१ करोड ७४ लाख १२ हजार ७ सय २१ रुपैयाँ राजश्व संकलन गरेको छ ।

राजश्व संकलनको क्रममा भन्सार चोरी निकाशी तर्फ अबैध रुपमा समान चोरी निकाशी गर्ने १८ जना मानिस पक्राउ गर्नुका साथै ३ करोड ६३ लाख ५७ हजार २५६ रुपैयाँ राजश्व संकलन, नदिजन्य पदार्थको अबैध रुपमा दोहन गर्ने २१ जना मानिस र ४०९ वटा नदिजन्य पदार्थ उत्खनन गर्ने र ओसार पसार गर्ने सवारी साधनलाई पक्राउ गर्नुका साथै १२ लाख ५७ हजार ७५० राजश्व संकलन भएको छ । त्यसैगरी अवैध काठ चोरी निकासी गर्ने २३ जना मानिस पक्राउ गर्नुका साथै ११०५ क्यू.फिट. काठ बरामद गरी २३ लाख ७२ हजार ३३५ राजश्व संकलन भएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

यसैगरी ट्राफिक ब्यवस्थापन तर्फ यस आर्थिक बर्षको ३ महिनामा मात्र ट्राफिक नियम उलंघन गर्ने ६२ हजार १७१ वटा सवारी साधनलाई कारवाही गर्दा ३ करोड ९८ लाख ५३ हजार राजश्व संकलन भएको छ ।

| | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| १. | अपराध तथ्यांक | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| | मुद्दा दर्ता संख्या (वटा) | १,७७९ | १,६६५ | १,५८२ | १,८०९ |
| | फछ्र्यौट संख्या (वटा) | १,६८७ | १,५७६ | ८१३ | ७६७ |
| | बाँकी संख्या (वटा) | ९२ | ३०० | ७६९ | १,०४२ |
| २. | फैसला कार्यान्वयन तर्फ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| | फरार अपराधी पक्राउ संख्या (जना) | ३२१ | ३११ | १७३ | ८४५ |
| | असुल उपर गरेको कैद (वर्ष) | १६० | ११ | २९६ | ३८५ |
| | असुल उपर गरेको जरिवाना (रु.) | ११,७०,९६५ | ८८,७५,८९६ | ५८,८५,८३१ | १,७४,१२,७२१ |
| ३. | भन्सार चोरी निकासी नियन्त्रण तर्फ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| | राजस्व संकलन (रु.) | [illegible] | [illegible] | [illegible] | ३,६३,५७,२५६ |
| | कसूरमा पक्राउ (जना) | १२ | ९ | १७ | १८ |
| ४. | नदिजन्य पदार्थको अवैध दोहन कारवाही तर्फ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| | राजस्व संकलन (रु.) | १२,९७,००० | १०,३७,००० | ७६,८३,९४० | १२,५७,७५० |
| | कसूरमा पक्राउ (जना) | १४ | ४४ | १०६ | २१ |
| | सवारी साधन पक्राउ (वटा) | १८९ | १७७ | ४१८ | ४०९ |
| ५. | अवैध काठ चोरी निकासी नियन्त्रण तर्फ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| | राजस्व संकलन (रु.) | १,१३,०९० | १,१८,७४० | ८,०५,१०० | २३,७२,३३५ |
| | कसूरमा पक्राउ (जना) | ५ | ४ | १० | २३ |
| | काठ परिमाण (क्यू.फिट) | ८९३ | ११५ | ७७३ | ११०५ |
| ६. | ट्राफिक कार्य सम्पादन | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| | सवारी कारवाही संख्या (वटा) | ६६,११८ | ५५,८४२ | ४९,२४७ | ६२,१७१ |
| | राजस्व संकलन (रु.) | ४,१२,५६,००० | ३,३२,११,५०० | ३,०९,५०,००० | ३,९८,५३,००० |
| | दुर्घटना संख्या (घटना) | ३९१ | ३५० | ३१५ | १६४ |
| | मानवीय क्षति (मृत्यु) | ६४ | ५८ | ५५ | १०९ |
| | मानवीय क्षति (घाइते) | ५८६ | ६७४ | ५०५ | १,६०५ |
| ७. | लागूऔषध नियन्त्रण तर्फ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| | गाँजा (किलोग्राम) | ४९,५४१ | ८३,६९५ | ३३५,११० | १५७,३४५ |
| | चरेश (ग्राम) | १,५०० | ० | ० | ८,२४० |
| | अफिम (ग्राम र केजी) | ० | ० | ० | ० |
| | ब्राउनसुगर (ग्राम) | १४१,५३१ | २९३,५१३ | ५१०,९६८ | ९४५,५१७ |
| | विभिन्न मनोद्विपक चक्की क्याप्सुल | ११,१८७ | १०,८९७ | १३,००१ | ६,४१७ |
| | विभिन्न मनोद्विपक सुई (एम्पुल) | ५,८२८ | ८,५७७ | ३,०४८ | १,३०२ |
| | अन्य विभिन्न मनोद्विपक औषधीहरु | १३७ | ३९६ | ८९५ | २५४ |
| ८. | गाँजा खेती नष्ट तर्फ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| | गाँजा बोट नष्ट गरेको (बोट) | ७७,३८० | ३,७१,३३१ | ५८,७८८ | ६०,६३७ |
| | नष्ट गरेको क्षेत्रफल (रोपनी) | ११९ | ५३७ | ५७६ | ३०१ |

यसैगरी लागूऔषध नियन्त्रण तर्फ गाँजा १ सय ५७ किलो ३४५ ग्राम, चरेश ८ ग्राम २४० मिलिग्राम, ब्राउन सुगर ९ सय ४५ ग्राम ५१७ मिलिग्राम, विभिन्न मनोद्विपक क्याप्सुलु ६ हजार ४१७, मनोद्धिपक एम्पुल १ हजार ३०२ र मनोद्धिपक औषधीहरु २५४ क्याप्सुल नियन्त्रण गरिएको र ३०१ रोपनी क्षेत्रफलमा लगाएको ६० हजार ६३७ बोट गाँजा नष्ट गरिएको प्रदेश नं. १ प्रहरी कार्यालयको तथ्यांकमा उल्लेख छ ।

## ब्राउन सुगर सहित ३ जना पक्राउ

विराटनगर । झापा र सुनसरीबाट लागूऔषध ब्राउन सुगर सहित ३ जनालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा झापा दमक नगरपालिका १९ का २६ बर्षीय खगेन्द्र नेपाली, सुनसरी धरान उपमहानगर पालिका ८ का ३५ बर्षीय बिमल भुजेल र मोरङ कानेपोखरी गाऊपालिका ४ का २६ बर्षीय नारायण मगर रहेका छन् ।

शुक्रवार ईलाका प्रहरी कार्यालय काकडभिट्टा र लागूऔषध नियन्त्रण ब्युरो काकडभिट्टाबाट खटिएको प्रहरी टोलीले नेपालीलाई मेचीनगर नगरपालिका ६ स्थित मेची पुलबाट ब्राउन सुगर ७ ग्राम सहित पक्राउ गरेको हो ।

त्यसै गरी शुक्रावारै अस्थाई प्रहरी पोष्ट बरगाछीबाट खटिएको प्रहरी टोलीले भुजेल र मगरलाई धरान उपमहानगर पालिका ८ अटल पम्प कम्पाउन्ड भित्रबाट ब्राउन सुगर ३ ग्राम सहित पक्राउ गरेको हो । पक्राउ परेका तिनै जना उपर थप अनुसन्धान भईरहेको छ ।

## श्रीमान् श्रीमतीमा बीच कुटाकुट हुँदा एकको ज्यान गयो अर्को घाईते

तेहथुम । तेहथुम छथर गाऊपालिका वडा नं. ३ ज्यामिरे का ५४ बर्षीय गोबिन्द बहादुर लिम्बु र उनको श्रीमती ५२ बर्षीया भक्त कुमारी लिम्बु बिच मादक पदार्थ सेवन गरी झै-झगडा हुँदा गोबिन्द बहादुरको ज्यान गएको छ भने भक्त कुमारीको उपचार भईरहेको छ ।

गत आईतवार उनिहरु आफ्नै घरमा मादक पदार्थ सेवन गरी झै-झगडा तथा कुटाकुट हुँदा दुवै जनाको टाउकोमा चोट लागी गम्भिर घाईते भएका थिए । दुवै घाईतेलाई उपचारको लागी छथर अस्पताल पठाईएकोमा गोबिन्दको उपचारको क्रममा मृत्यु भएको थियो भने भक्त कुमारीलाई थप उपचारको लागी धरान घोपा पठाईएको छ । घटनाको बारेमा ईलाका प्रहरी कार्यालय बसन्तपुरले थप अनुसन्धान गरिरहेको छ ।




हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौं । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

नवराज कार्की, प्रमुख प्रशासकीय अधिकृत | केशब कुमारी खराल, उप-प्रमुख | दिलीप कुमार अग्रवाल, प्रमुख

रंगेली नगरपालिका, मोरंग प्रदेश नं. १ नेपाल

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौं । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

यम बहादुर उपरकोटी, प्रमुख प्रशासकीय अधिकृत | नसिमा बानु, उपाध्यक्ष | हरिलाल सिंह, अध्यक्ष

धनपालथान गाउँपालिका, मोरंग प्रदेश नं. १ नेपाल

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौं । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

पुरुषोत्तम घिमिरे, प्रमुख प्रशासकीय अधिकृत | मञ्जुकुमारी राई, उप-प्रमुख | कालीप्रसाद दास, प्रमुख

सुनवर्षी नगरपालिका, मोरंग प्रदेश नं. १ नेपाल

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौं । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

सञ्जीव न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत | अमृता कुमारी गच्छदार, उपाध्यक्ष | बालचन्द्र माझी, अध्यक्ष

बुढीगंगा गाउँपालिका, मोरंग प्रदेश नं. १ नेपाल

## अध्यक्ष र उपाध्यक्षको सपथग्रहण

विराटनगर । प्रदेश १ खेलकुद विकास बोर्डले १४ वटै जिल्लाहरुका खेलकुद समितिहरुमा नियुक्त भएका अध्यक्ष र उपाध्यक्षहरुलाई विहीवार सपथग्रहण गराएको छ ।

सामाजिक विकासमन्त्री तथा खेलकुद विकास बोर्डका अध्यक्ष बलबहादुर साम्सोहाङको उपस्थितिमा वोर्ड उपाध्यक्ष बाबा मेन्याङ्वोले नवनियुक्त अध्यक्ष र उपाध्यक्षलाई सपथ गराउनु भएको थियो । खेलकुद विकास बोर्डले बुधबार १४ वटै जिल्लामा अध्यक्ष र उपाध्यक्ष नियुक्त गरेको थियो ।

सपथ ग्रहण कार्यक्रममा सामाजिक विकास मन्त्री साम्सोहाङले जिल्ला खेलकुद समितिहरुले पूर्णता पाएसँगै प्रदेश १ को खेलक्षेत्रले फड्को मार्ने बताएका थिए । लामो समय देखि प्रदेश खेलकुद विकास बोर्डले पूर्णता नपाउँदा जिल्लाहरुमा खेलकुदका गतिविधिहरु हुन नसकेको वहांको भनाई थियो ।

लामो समयदेखि नेतृत्वविहिन खेलकुद समितिहरुमा नयाँ नेतृत्व चयन गरिनु महत्वपूर्ण उपलब्धि भएको खेलकुद विकास बोर्डका सदस्यसचिव पर्शुराम बस्नेतले जानकारी गराएका थिए ।

## विश्वासको मत लिने प्रस्ताव पेश

विराटनगर । प्रदेश १ का मुख्यमन्त्री भीमप्रसाद आचार्यले शुक्रवार प्रदेशसभामा विश्वासको मत लिनेसम्बन्धी प्रस्ताव पेश गरेको छ ।

प्रस्तावमाथि आइतबारको बैठकमा मतदान हुने सभामुख प्रदीपकुमार भण्डारीले जानकारी दिएको छ । विश्वासको मत लिनेसम्बन्धी मुख्यमन्त्रीको प्रस्तावमा आइतबार मतदान गर्ने सहमति कार्यव्यवस्था परामर्श समितिको बैठकमा भएसँगै आचार्य नेतृत्वको सरकारको आयु आइतबारसम्म लम्बिएको हो ।

विश्वासको मत लिनका लागि असोज २५ गते मुख्यमन्त्री आचार्यले प्रदेशसभा सचिवसमक्ष सूचना दिएका थिए । प्रदेश सभामा सत्तारूढ एमालेका ४१ सांसद छन् । संसदमा सामान्य बहुमत सिद्ध गर्न ४७ मत आवश्यक पर्छ । विपक्षी गठबन्धनका पक्षमा ५० सांसद देखिएका छन् ।

विपक्षी गठबन्धनमा कांग्रेसका २१, माओवादी केन्द्रका १५, नेकपा एकीकृत समाजवादीका १०, जसपाका ३ र संयुक्त लोकतान्त्रिक मञ्चका १ गरी ५० सांसद छन् । केन्द्रीय तहको सहमति अनुसार प्रदेश १ एकिकृत समाजवादीका राजेन्द्र राई मुख्यमन्त्री बन्ने तय छ ।

## डाँगीहाट यूथ क्लबद्धारा कार्तिक ११ देखि चौंथो अन्तर्राष्ट्रिय आमन्त्रण बेलबारी फुटबल प्रतियोगिता




विराटनगर । डाँगिहाट युथ क्लबद्धारा कार्तिक ११ विहीवार देखि मोरङको बेलबारी नगरपालिका वडा नं. ११ स्थित लक्ष्मीमार्गमा चौथो अन्तर्राष्ट्रिय आमन्त्रण बेलबारी गोल्डकप फुटबल प्रतियोगिता हुने भएको छ ।

आयोजक डाँगीहाट युथ क्लबले विराटनगरमा पत्रकार सम्मेलन गरेर कात्तिक ११ देखि १८ गतेसम्म सञ्चालन हुने प्रतियोगिताका बारेमा जानकारी दिएको थियो । कोरोनाका कारण मोफसलमा खेलकुदका गतिविधी शून्यप्राय भइरहेका बेला डाँगीहाट युथ क्लबले लक्ष्मीमार्गस्थित मैदानमा गोल्डकप आयोजना गर्न लागेको हो । प्रतियोगितामा नेपाल र भारतका ८ वटा टिमको सहभागिता रहने डाँगीहाट युथ क्लबका सल्लाहकार भाइकुमार गुरुङले जानकारी गराएका थिए ।

उक्त प्रतियोगितामा सशस्त्र प्रहरी बलको एपीएफ क्लब काठमाडौं, हिमालयन शेर्पा क्लब, च्यासल क्लब, आयोजक डीवाईसी मोरङ, रोलिङ क्लब झापा, गाईघाट फुटबल क्लब उदयपुर, राजारानी क्लब धनकुटा र भारतको रोयल फुटबल क्लब सिलिगुडीको सहभागिता रहने छ ।

गोल्डकपका आर्थिक समिति संयोजक राजेश बस्नेतले प्रतियोगितामा विजेता टिमले ५ लाख र उपविजेता टिमले २ लाख ५० हजार रूपैयाँ नगद पुरस्कार र सम्मान पत्र पाउने जानकारी दिएका थिए ।

त्यसबाहेक प्रत्येक खेलमा म्यान अफ दी म्याचले ५ हजार ५ सय, प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीले ३१ हजार, सर्वाधिक गोलकर्ताले २१ हजार तथा उत्कृष्ट गोलरक्षक, डिफेन्स, मिल्डफिल्डर, स्ट्राइकर र उत्कृष्ट प्रशिक्षकले ११/११ हजार रूपैयाँ नगद पुरस्कार र सम्मान पत्र प्रदान गरिने छ ।

गोल्डकप प्रतियोगिताको लागि अनुमानित ४५ लाख आन्दानी र ४० लाख खर्च हुने अनुमान गरिएको छ । दर्शकहरुको लागि टिकट दर १ सय र ५० रुपिया रखिएको छ । दर्शकले अनिवार्य रुपमा मास्कको प्रयोग गर्नु पर्ने छ ।

खेलकुद क्षेत्रको विकास र सम्बर्द्धनमा काम गर्ने उदेश्य सहित तत्कालीन डाँगीहाट गाउँविकास सहिति वडा नं. ५ लक्ष्मीमार्ग हाल बेलवारी वडा नं. ११ मा खेलप्रेमी र खेलकुद क्षेत्रमा योगदान गरिरहेका व्यक्तिहरु मिलेर विक्रम सम्वत २०७० सालमा डाँगीहाट युथ क्लबको स्थापना भएको थियो ।

क्लबले आफ्नै भवन निर्माण गर्नुका साथै लक्ष्मी खेल मैदानलाई व्यवस्थित वनाउन र नयां खेलाडीहरु उतपादनमा समेत विषेश पहल गरेको आयोजकका भनाई थियो ।

**हार्दिक मंगलमय शुभकामना**

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**गाउँवासीको लागि जनहितमा जारी सूचना**

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

गणेश बहादुर कार्की, प्रमुख प्रशासकीय अधिकृत
फूलकुमार चौधरी, उपाध्यक्ष
शिवनारायण माझी, अध्यक्ष

ग्रामथान गाउँपालिका, मोरंग प्रदेश नं. १ नेपाल

**हार्दिक मंगलमय शुभकामना**

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**गाउँवासीको लागि जनहितमा जारी सूचना**

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

सुदर्शन दाहाल, प्रमुख प्रशासकीय अधिकृत
शान्ती कुमारी लिम्बु भुजेल, उपाध्यक्ष
रोहीत बहादुर कार्की, अध्यक्ष

केराबारी गाउँपालिका, मोरंग प्रदेश नं. १ नेपाल

**हार्दिक मंगलमय शुभकामना**

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**गाउँवासीको लागि जनहितमा जारी सूचना**

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

राम सुन्दर थापा, प्रमुख प्रशासकीय अधिकृत
मन्जिता कुमार सरदार, उपाध्यक्ष
राम कुमार कामत, अध्यक्ष

कटहरी गाउँपालिका, मोरंग प्रदेश नं. १ नेपाल

**हार्दिक मंगलमय शुभकामना**

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**गाउँवासीको लागि जनहितमा जारी सूचना**

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

सुवर्ण घिमिरे, प्रमुख प्रशासकीय अधिकृत
शालो शाह, उपाध्यक्ष
कैलास प्रसाद मण्डल, अध्यक्ष

जहदा गाउँपालिका, मोरंग प्रदेश नं. १ नेपाल

## अबैद्ध सुन र नगद सहित पक्राउ




सुनसरी । सुनसरी जिल्लाको धरान उपमहानगरपालिका वडा नं. २ स्थित बाट स्रोत नखुलेको र बिल भरपाई बिनाको सुन र नगद सहित दुई जना मानिसलाई प्रहरीले पक्राउ गरेका छन् ।

पक्राउ पर्नेमा धरान १५ सगरमाथा लाईन का ४८ बर्षीय राम बहादुर श्रेष्ठ र धनकुटा महालक्ष्मी नगरपालिका वडा नं. २ का ३४ बर्षीय चन्द्र प्रसाद श्रेष्ठ रहेका छन् ।

विहीवार ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले उनिहरुलाई बिल भरपाई बिनाको ५ वटा सुनको चुरा २८५.३२० ग्राम र नगद रु. १८ लाख सहित पक्राउ गरेको हो । पक्राउ परेका दुवै जना उपर थप अनुसन्धान भईरहेको छ ।

## माओवादी केन्द्रको ३३ वटा केन्द्रीय विभाग गठन

विराटनगर । नेपाल कम्यूनिष्ट पार्टी (माओवादी केन्द्र) को स्थायी कमिटीको बैठकले ३३ वटा केन्द्रीय विभाग गठन गरेको छ ।

पार्टीको स्थायी कमिटीको विहीवार बसेको बैठकले पार्टीको ३३ वटा केन्द्रिय विभाग गठन गरेको हो । बैठकपछि सञ्चारकर्मीसँग बोल्दै पार्टीका प्रवक्ता कृष्णबहादुर महराले विभाग गठन र डिलाराम आचार्यको संयोजकत्वमा १७५ सदस्यीय सम्पर्क समितिको गठन गरेको जानकारी दिनुभएको थियो ।

त्यसैगरी बैठकले ३५ सदस्यीय रहने गरी विभाग गठन गरेको, विभाग बाहेक रामचन्द्र झाको नेतृत्वमा नीति तथा अनुसन्धान प्रतिष्ठान बनाउने निर्णय समेत गरिएको छ । प्रवक्ता महराका अनुसार पार्टी स्कूल विभागको संयोजकमा गिरिराजमणि पोखरेल र इन्चार्जमा पार्टी अध्यक्ष पुष्पकमल दाहाल रहनुभएको छ । विपद् व्यवस्थापन विभाग गठन गर्न बाँकी रहेको र त्यसको संयोजकमा सूर्य सुवेदी रहने जानकारी समेत दिनुभएको थियो ।

अर्थ तथा योजना विभागको प्रमुखमा वर्षमान पुन, उद्योग विभागमा वामदेव क्षेत्री, उपभोक्ता हित तथा आपूर्ति विभागमा मातृका यादव, कृषि तथा भूमिसुधार विभागमा हरिबोल गजुरेल, कोष तथा आर्थिक व्यवस्थापन विभागमा टोपप्रसाद उपाध्याय, खानेपानी तथा सरसफाइ विभागमा बिना मगर, जलश्रोत, सिँचाइ तथा उर्जा विभागमा लिलामणि पोखरेल रहेका छन् ।

त्यसैगरी निर्वाचन विभागमा खिमलाल देवकोटा, कानून, न्याय तथा मानवअधिकार विभागमा मुक्तिनारायण प्रधान, पर्यटन प्रवर्द्धन तथा नागरिक उड्डयन विभागमा झक्कुप्रसाद सुवेदी, प्रचारप्रसार प्रकाशन विभागमा कृष्णबहादुर महरा, प्रादेशिक मामिला विभागमा परशुराम तामाङ, पार्टी स्कूल विभाग प्रमुखमा गिरिराजमणि पोखरेल र इन्चार्जमा पुष्प कमल दाहाल, पुस्तकालय तथा अभिलेख विभागमा नारायणप्रसाद शर्मा रहेका छन् ।

भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभागमा हरि अधिकारी, युवा तथा खेलकुद विभागमा गणेशमान पुन, राजकीय मामिला तथा सुशासन विभागमा रेखा शर्मा, राष्ट्रिय सुरक्षा विभागमा कृष्णबहादुर महरा, वन तथा वातावरण विभागमा शक्तिबहादुर बस्नेत, विज्ञान तथा प्रविधि विभागमा गणेश साह, विदेश मामिला विभागमा नारायणकाजी श्रेष्ठ, शिक्षा तथा मानवश्रोत विभागमा मायाप्रसाद शर्मा, श्रम तथा रोजगार विभागमा रामेश्वर राय यादव, संगठन विभागमा जनार्दन शर्मा, संघीय संसदीय विभागमा देव गुरुङ, समाज कल्याण विभागमा सत्या पहाडी, सरकारी तथा गरिबी निवारण विभागमा धर्मदत्त देवकोटा, शहरी विकास विभागमा देवेन्द्र पौडेल, समान्य प्रशासन विभागमा टेकबहादुर बस्नेत, साहित्य तथा संस्कृति विभागमा गोपाल ठाकुर, स्थानीय तह विभागमा उर्मिला अर्याल, स्वास्थ्य तथा जनसंख्या विभागमा कल्पना धमलाको संयोजकत्वमा विभाग गठन गरिएको प्रवक्ता महराल जानकारी दिनुभएको थियो ।

प्रवक्ता महराले पार्टी सदस्यताको काम ५० प्रतिशत सकिएको बताउँदै अबको एक हप्तामा पार्टी सदस्यताको काम पूरा हुने जानकारी दिदै । राष्ट्रिय महाधिवेशनमा ५ देखि ६ लाखसम्म नयाँ पार्टी सदस्य बनाउने लक्ष्य राखेको पनि जानकारी गराएका थिए ।




## कार दुर्घटनामा चालकको मृत्यु

सुनसरी । सुनसरी बराह क्षेत्र नगरपालिका वडा नं. ३ बाङ्गे स्थित भित्री सडक खण्डमा अन टेस्ट कार आफै अनियन्त्रित भई पल्टदा एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा कार चालक बराहक्षेत्र नगरपालिका वडा नं. ६ चक्रघट्टीका ४० बर्षीय कृष्ण प्रसाद दाहाल रहेको थियो ।

विहीवार कालाबञ्जर देखि चक्रघटी तर्फ आउँदै गरेको सो कार आफै अनियन्त्रित भई उक्त सडकको दाहिने तर्फ पैनीमा पल्टी दुर्घटना हुँदा गम्भिर घाईते भएका दाहालको तत्काल स्थानिय नगर अस्पताल चक्रघटीमा ल्याई उपचार गर्ने क्रममा मृत्यु भएको थियो ।

घटनास्थलमा अस्थाई प्रहरी पोष्ट बाङगेबाट प्रहरी टोली खटि गई थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

भुपध्वज थापा, प्रमुख प्रशासकीय अधिकृत | राजकुमारी चौधरी, उपाध्यक्ष | श्रीप्रसाद यादव, अध्यक्ष

गढी गाउँपालिका, सुनसरी प्रदेश नं. १ नेपाल

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

चुडामणि गुरागाई, प्रमुख प्रशासकीय अधिकृत | पुनिता देवी यादव, उपाध्यक्ष | लाली प्रसाद मेहता, अध्यक्ष

देवानञ्ज गाउँपालिका, सुनसरी प्रदेश नं. १ नेपाल

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

उमेश घिमिरे, प्रमुख प्रशासकीय अधिकृत | संगीता कुमारी राय, उपाध्यक्ष | रघुनन्दन चौधरी, अध्यक्ष

बर्जु गाउँपालिका, सुनसरी प्रदेश नं. १ नेपाल

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

भक्त बहादुर खड्का, प्रमुख प्रशासकीय अधिकृत | रिमझीम कुमारी भगत, उपाध्यक्ष | गफार अन्सारी मियाँ, अध्यक्ष

हरिनगरा गाउँपालिका, सुनसरी प्रदेश नं. १ नेपाल